मितिः २०७९/१२/२२

# प्रेस विज्ञप्ति

विभिन्न संचार माध्यममा नेपाल वायुसेवाबाट यात्रा गर्ने यात्रुहरुलाई द्विविधा पर्न सक्ने गरी विभिन्न संचार माध्यमहरुमा समाचार प्रकाशित भएकोमा निगमको ध्यानाकर्षण भएको छ । नेपाल वायुसेवा निगमले काठमाडौ क्वालालम्पुर काठमाडौको नियमित उडानका लागि अनुमति प्राप्त नभएको भन्ने सम्बन्धमा निगमले क्वालालम्पुर उडानको लागि मलेसियाको नागरिक उड्डयन कार्यालयमा मिति १९ मार्च २०२३ मा अपरेशन विभागबाट उडानका लागि आवश्यक कागजातसहित Summer scheduled को अनुमति माग गर्दा FAOC अद्यावधिक नभएको जानकारी आएकोले उडान तथा यात्रुहरु प्रभावित हुन सक्ने सम्भावनालाई आँकलन गरी आकस्मिक व्यवस्थापनको लागि Non schedule उडान अनुमतिका लागि समेत माग गरिएकोमा मिति २८ मार्च २०२३ मा नै scheduled उडान अनुमति प्राप्त भैसकेकोले साविककै उडान तालिका अनुसार उडान संचालन गरियो । Non scheduled उडानले निगमलाई अतिरिक्त खर्चको भार नभएको र नियमित उडानकै समयमा उडान संचालन गरी यात्रुहरुलाई सहजीकरण गरिएको जानकारी गराइन्छ। उक्त सम्बन्धमा छानविन गर्दा अपरेशन विभाग र मलेसिया स्टेसनको कमी-कमजोरी देखिएकोले यसका जिम्मेवार पदाधिकारीहरुलाई कारवाही गरिएको छ ।

त्यसैगरी दुबई उडान ढीला भएको सम्बन्धमा निगमको उडानको First officer ले उडानको अन्तिम समयमा बिरामी भएको जानकारी गराएको र उडान् ढीला हुन गएको सम्बन्धमा नायबमहाप्रबन्धक जनकराज कालाखेतीको संयोजकत्वमा छानविन समिति गठन गरी अपरेशन विभागका निर्देशकलाई स्पष्टीकरण समेत सोधिएको र अब उप्रान्त यस्ता किसिमका घटनाहरु नदोहोर्याउन सम्बन्धित कर्मचारीलाई चेतावनी दिइएको छ । छानविनबाट प्राप्त Root cause analysis गरी सुधारात्मक उपायको अवलम्वन एवम् गल्ती गर्नेहरुलाई कारवाही गरिने जानकारी गराइन्छ ।

नेपाल वायुसेवा निगम संस्थागत विभाग

२०७९/१२/२२

(रमेश पौडेल)
उप निर्देशक
प्रवक्ता

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोनः ४२२०७५७ फ्याक्सः ०१-४२२५३४८
Email: info@nac.com.np, web: www.nepalairlines.com.np